श्री ५ को सरकार
अर्थ मन्त्रालय
निजीकरण इकाईको

# नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि. को मेशिन लगायत चल सम्पत्ति बिक्रि तथा जग्गा र भवन भाडामा दिई निजीकरण गर्ने सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित २०६२।६।१९)

देशको आर्थिक विकासमा निजीक्षेत्रको सहभागितालाई प्रोत्साहित गर्ने उद्देश्यले श्री ५ को सरकारले नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि.को व्यवसाय, कारखाना (मेशिनरी प्लाण्ट) लगायत अन्य सवै चल सम्पत्तिहरु (कच्चा खोटो र स्टोर मौज्दातसमेत) हाल जे जस्तो अवस्थामा छन् सोही अवस्थामा विक्री गर्ने र जानकारी पत्रमा उल्लेख गरिएका जग्गा एवं भवनहरु न्यूनतम् १० (दश) वर्षको लागि भाडामा दिई निजीकरण पर्ने निर्णय भएकोले व्यक्ति, फर्म, कम्पनी, सहकारी संस्था र ज्वाईन्टभेन्चर कम्पनीहरुलाई निम्नलिखित प्रक्रियाको आधारमा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

(क) संभाव्य प्रस्तावकहरुलाई देहायको शर्त पुरा गरेपछि नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि.को जानकारी पत्र (Information Memorandum) र प्रस्ताव सम्वन्धी पत्र (Bid Documents) यस मन्त्रालयको निजीकरण इकाईबाट उपलब्ध गराईने छ ।

(१) जानकारी पत्रमा संलग्न गोपनियता सम्वन्धी सम्झौतामा हस्ताक्षर गरेपछि,
(२) श्री ५ को सरकार, अर्थ मन्त्रालयको नाममा नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको धरौटी खाता स.अ. १३१८५५।०५७ मा नेपाली प्रस्तावकर्ता भएमा रु २५,०००।- (पच्चिस हजार) र विदेशी प्रस्तावकर्ता भएमा अमेरिकी डलर ३५० ( तिन सय पचास) जम्मा गरेको प्रमाण पेश गरेमा (यो रकम फिर्ता हुने छैन)

(ख) जानकारी पत्र तथा प्रस्ताव सम्वन्धी पत्रमा कम्पनीको व्यवसाय सम्वन्धी सूचना, प्रस्ताव फारम एवं सम्झौताको मस्यौदा समेत समावेश गरिएको छ ।

(ग) प्रस्तावकले आफ्नो प्रस्ताव श्री ५ को सरकार, अर्थ मन्त्रालय, निजीकरण इकाईमा कार्यालय समयभित्र आफैं वा आफ्नो प्रतिनिधि मार्फत बुझाउनु पर्नेछ । प्राविधिक

प्रस्ताव साथ कम्तिमा ६ महिनाको लागि मान्य हुने रु ५,००,०००।- (रु. पांच लाख) बराबरको बिड बण्ड संलग्न गर्नु पर्ने छ ।

(घ) प्रस्तावकले प्रस्ताव पेश गर्दा प्रस्तावसंग सम्वन्धित सम्पूर्ण विवरणहरु चार/चार प्रति पेश गर्नु पर्नेछ । यसरी पेश गरिएका विवरणहरु मध्ये एक प्रतिमा स्पष्ट रुपमा "सक्कल" भनि लेखिएको हुनु पर्नेछ । पेश भएका प्रस्तावसंग संलग्न सम्पूर्ण कागजातहरु श्री ५ को सरकारको सम्पत्ति मानिनेछ । प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा छुट्टाछुट्टै शिलबन्दी खाममा पेश गर्नुपर्नेछ ।

प्राविधिक प्रस्तावको शिलबन्दी खामको माथिल्लो दाहिने भागमा स्पष्ट रुपमा नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि. को सम्पत्ति खरिद तथा भाडा सम्वन्धी प्राविधिक प्रस्ताव" भनि लेखिएको हुनु पर्ने छ ।

वित्तीय प्रस्तावको शिलबन्दी खामको माथिल्लो दाहिने भागमा स्पष्ट रुपमा नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि. को सम्पत्ति खरिद तथा भाडा सम्वन्धी वित्तीय प्रस्ताव" भनि लेखिएको हुनु पर्ने छ ।

दुवै शिलबन्दी खाममा प्रस्तावकको तथा प्रस्तावकको सम्पर्क व्यक्तिको नाम, ठेगाना, टेलिफोन, फ्याक्स इमेल उल्लेख गर्नु पर्नेछ ।

(ङ) प्रथम पटक सूचना प्रकाशित भएकोले मितिले ४५ औं दिनभित्र अर्थ मन्त्रालय, निजीकरण इकाई, सिंहदरवार काठमाण्डौं, नेपालमा प्रस्ताव पेश गरी सक्नु पर्नेछ । प्रस्ताव पेश गर्ने अन्तिम मितिको भोलिपल्ट अपरान्ह २:०० बजे प्रस्तावकका प्रतिनिधिहरुको रोहवरमा प्राविधिक प्रस्ताव खोलिने छ । तर प्रस्तावकका प्रतिनिधि उपस्थित नभएकै कारणबाट प्रस्ताव खोल्न बाधा पर्ने छैन । सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनको सोही समयमा प्रस्ताव खोलिने छ । म्याद नाघी आएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

(च) प्राविधिक प्रस्तावको मूल्याङ्कन देहायको आधारमा गरिने छ ।

| | **विषय** | **अंक** |
|---|---|---|
| - | प्रस्तावक/लगानीकर्ताको व्यवसायिक अनुभव | २५ |
| - | प्रस्तावकको सोही प्रकृतिको व्यवसाय (रोजिन तथा टर्पेन्टाइन उत्पादन र विक्री) को अनुभव | १५ |
| - | वित्तीय क्षमता | २० |
| - | व्यवसायिक योजना<br>क्षमता विकास, विश्वसनियता र गुणस्तरीयता (२०)<br>रोजगारी सिर्जना (२०) | ४० |
| | जम्मा : | १०० |

(छ) माथि खण्ड (च) बमोजिमको प्राविधिक प्रस्ताव मूल्याङ्कनको आधारमा सन्तोषजनक देखिएका प्रस्तावकहरुलाई पूर्व योग्यता (Pre-qualified) सूचीमा राखिनेछ र त्यस्ता प्रस्तावकहरुका मात्र वित्तीय प्रस्ताव खोली मूल्याङ्कन गर्दा उच्चतम र आकर्षक मूल्य प्रस्ताव गर्ने पूर्व-योग्यतामा परेका प्रस्तावकसँग सम्झौता गरिने छ । प्राविधिक रुपमा सक्षम नभएका प्रस्तावकहरुको वित्तीय प्रस्ताव नखोली फिर्ता गरिनेछ ।

(ज) जानकारीपत्र तथा प्रस्ताव सम्वन्धी पत्रमा विस्तृत विवरण समावेश छ । यस कारखाना सम्वन्धी थप जानकारीको लागि इच्छुक प्रस्तावकले निम्नलिखित ठेगानामा सम्पर्क राख्न अनुरोध गरिएको छ ।

(झ) निजीकरण अगाडीको कारखानाको कर्मचारी लगायत् सम्पूर्ण दायित्व श्री ५ को सरकारले व्यहोरेकोले प्रस्तावकलाई कुनै किसिमको थप आर्थिक दायित्व पर्ने छैन ।


श्री ५ को सरकार<br>
अर्थ मन्त्रालय<br>
निजीकरण इकाई<br>
सिंहदरवार, काठमाण्डौं, नेपाल<br>
फोन नं. ४२५९९९३, ४२११३२०, ४२११३७४<br>
फ्याक्स नं. ४२५९८९१<br>
E-mail: pvtn@mof.gov.np<br>
Website: www.mof.gov.np